# नेपाल गजेट

## भाग ४


श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं आषाढ १६ गते २०१५ साल


### नेपाल लोक सेवा आयोग (पब्लिक सर्भिस कमिशन) को

### विज्ञापन नं. ३४

पब्लिक वर्क्स तथा संचार सचिवालय अन्तर्गत दांग आकाशवाणीलाई एक जना सीनियर मेकानिक, कैलाली (धनगढी) आकाशवाणीलाई हेड अपरेटर एक, अपरेटर एक तथा विराटनगर आकाशवाणीलाई बहीदार एक समेत पदमा उम्मेदवारहरू चाहिएका छन्। योग्य उम्मेदवारहरूले लोक सेवा आयोग (प. स. क.) मा दरखास्त फाराम न. १. (२०१०) मा आफ्नो विवरण स्पष्ट खुलाई हेड अपरेटर, अपरेटर र बहीदार पदमा उम्मेदवार हुन चाहनेले तत्‌तद् पद भएको स्थानीय जिल्ला गौंडा गोश्वारामा र सिनियर मेकानिक पदमा उम्मेदवार हुन चाहनेले तलको ठेगानामा पुग्ने गरी २०१५ साल भाद्र १ गते १ सम्ममा फी दस्तुर नगदै रू. १ सहित दरखास्त गर्नु होला। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक गढी गौंडा गोश्वाराहरूमा पनि पाइन्छ। म्याद नाघी दाखिल भएको र फी दस्तुर नभएको दरखास्तउपर कुनै विचार हुनेछैन।



283


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदको विवरण यस प्रकारछ :—

१. पदः-(क) सीनियर मेकानिक
   (ख) हेड अपरेटर र अपरेटर
   (ग) बहीदार

सब पद स्थायी तथा पेन्सन पाइने

२. आवश्यक न्यूनतम योग्यताः-(क) मेकानिक तर्फको काममा पूरा अनुभव लेखापढी गर्न सक्ने हुनुपर्दछ।

(ख) एस्. एल. सी. सम्म पढेको

(ग) निजामती मध्यम वा अन्डर म्याट्रिक

३. वांछनीय योग्यताः- (क) पाँच वर्षसम्म आ. वा. मा काम गरिसकेको जेनेरेटर मर्मत गर्न सक्नेलाई विशेष प्राहयता दिने ।

(ख) वायरलैससम्बन्धी काममा अनुभव भएको लेख्न पढ्न बोल्न हाम्री सक्नेलाई विशेष प्राह्यता दिने।

(ग) टेक्नीकलसम्बन्धी आ. वा. तर्फको ज्ञान भएको सरकारी सेवा ३ वर्ष गरिसकेको स्याहा श्रेस्ताको काम जान्नेलाई विशेष प्राह्यता दिने ।

सबै पदमा स्थानीय व्यक्तिलाई विशेष प्राह्यता दिने ।

४. मासिक तलब भत्ता [क] ७० महंगी भत्ता १२.५०
[ख] ४५ महंगी भत्ता १०।+५
[ग] ३५ महंगी भत्ता १०]

आज्ञाले—]
खड्गमान मल्ल,
सेक्रेटरी--लोक सेवा आयोग(प.स.क)
सिंहदरबार काठमाडौं नेपाल

## नेपाल लोक सेवा आयोग (पब्लिक सर्भिसकमिशन) को सूचना नं. ८

जिल्ला भंसारको सी. क्ल. पदको निमित्त अघि अर्थमन्त्रालय र कष्टम्स कमिश्नर अफिसमा दरखास्त दिने उम्मेदवारहरू र यस आयोगको विज्ञापन नं. ३२ बमोजिम २०१४।५।२२।६ सम्ममा दरखास्त दिने उम्मेदवारहरू सर्वोच्च अदालत अन्तर्गत पराद्मी अभिलेको सी. क्ल. पदमा २०१४।६।१२।१ सम्ममा

२५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दरखास्त दिने उम्मेदवारहरू र अर्थमन्त्रालय अन्तर्गत तथ्यांक विभागलाई चाहिने १०० जवान पहिला दर्जाका कारिन्दा पदमा दरखास्त दिने उम्मेदवारहरूको लिखित परीक्षा आगामी श्रावण १२ गते रोज १,१३ गते रोज २,१४ गते रोज ३ मा हुने भएकोले उक्त पदका सबै उम्मेदवारहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। परीक्षाका पाठ्यक्रम तपसीलबमोजिम हुनेछ। प्रत्येक पत्र २।। घण्टा.को र पूर्णाङ्क १०० को हुनेछ। परीक्षाको लागि छानिएका योग्य उम्मेदवारहरुको नामावली २०१५।४।७।३ का दिन ७ बजे (प.स.क.) लोक सेवा आयोगको नोटिस बोर्डमा टांगिनेछ। परीक्षाको कायक्रम र परीक्षा हुने समय पछि प्रकाशित हुनेछ।

पाठ्यक्रम

१. निबन्ध र मजबुन
२. नेपालको इतिहास र भूगोल
३. सामान्य ज्ञान
४. ऐन सवालः- (क) ऐनमा निजामती सेवा ऐन, निजामती सेवा नियमावली, जनगणना ऐन (ख) सवालमाः- एस. एल. सी. को पाठ्यक्रममा दिइएजति विषय।
५. हिसाब (अंकगणित निजामती मध्यम परीक्षा अनुसार)

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी-लोक सेवा आयोग (प.स.क.)
सिंहदरबार काठमाडौं नेपाल.

## नेपाल लोक सेवा आयोग (पब्लिक सर्भिसकमिशन) को

## सुचना नं. ८

अर्थ मालपोत मन्त्रालय अन्तर्गत बन्दिपुर मालको हाकिम नायबसुब्बा पदका लागि यस आयोगबाट २०१४।६।२८।१ सम्मको अन्तिम म्याद दिई भएका विज्ञापनका आवेदकहरू तथा अन्य ईच्छुक उम्मेदवारहरूको प्रतियोगितात्मक लिखित परीक्षा आगामी भाद्र २,३,४ र ५ गते हुने भएकोले यो सूचना प्रकाशित गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

माथि उल्लिखित पद बाहेक श्री ५ को सरकारका कुनै मन्त्रालय विभाग अड्डामा सो दर्जाका पद रिक्त हुन गई पूर्तिको निमित्त यस आयोगमा माग प्राप्त हुन आएमा यसको सूचना नआएसम्मलाई सोही परीक्षाहरू र त्यसपछि हुने अन्तर्वार्ताको फलबाट उम्मेदवार सिफारिश हुने हुनाले इच्छुक उम्मेदवारहरूले प. स. क. दरखास्त फाराम नं १(२०१०) मा आफ्नो विवरण स्पष्ट भरी दरखास्त दस्तुर मोरू १।५० सहित ०१५ साल श्रावण १६ गते रोज १ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त गर्नु होला ।

जागीर नभएका उम्मेदवारहरूको उमेर २१ वर्ष मनि र ३५ वर्षभन्दा बढी हुनुहुँदैन । योग्यता नपुगेका र म्याद नाघी दाखिल भएका दरखास्तउपर कुनै विचार हुनेछैन । दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा र गोश्वाराहरूमा पनि पाईन्छ ।

पदको विवरण यस प्रकार छ :-

१. पद:- नायब सुब्बा ।

२. आवश्यक न्यूनतम योग्यता:- आइ. ए. वा सो सरह ।

३. मासिक तलबको रकम र भत्ता:- तलब मोरू १२०। देखि २४० महँगी भत्ता मोरू १५।

सो पदका लिखित परीक्षाको निमित्त निम्नलिखित विषयहरू रहनेछन् ।

१. अनिवार्य:—

(क) निबन्ध ।

(ख) नेपालको इतिहास र भूगोल ।

(ग) साधारण ज्ञान ।

(घ) ऐन श्रेस्ता

२. इच्छाधीन विषयहरू दिइएका मध्ये कुनै तीन

(क) वर्तमान संसार

[ख] ऐन श्रेस्ता

[ग] गणित वा अंकगणित

[घ] अंग्रेजी

[ङ] संस्कृत

द्रष्टव्य:- परीक्षाको स्तर विश्वविद्यालयको आइ. ए. सरह हुनेछ । प्रत्येक पत्रको पूर्णाङ्क १०० र समय तीन घण्टा हुनेछ । परीक्षाका लागि ज्ञानिपक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

योग्य उम्मेदवारहरूको नामावली २०१५।४।२६।१ मा ३ बजे प. स. क. नोटिस बोर्डमा टाँगिनेछ।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी-लोकसेवा आयोग (प. स. क.
सिंहदरबार काठमाडौं नेपाल.

मुद्रण विभाग, सिंहदरबार

२८6

गोरखापत्र छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।